**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १७ गते मंगलबार ❑ 31 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## ओलीको बन्दीप्रत्यक्षीकरण रिटमा कारण देखाउ आदेश

**रासस**

काठमाडौं, १६ चैत



सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई थुनामुक्त गर्न माग गर्दै दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा कारण देखाउ आदेश जारी गरेको छ।

न्यायाधीश मेघराज पोखरेलको इजलासले सोमबार सो रिट निवेदनमा आधार कारणसहितयोआदेशप्राप्तभएको मितिले बाटोको म्यादबाहेक तीन दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनिएको छ । आदेशमा भनिएको छ, "यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको जादेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनुनपर्ने भए सोको आधार कारणसहितयोआदेशप्राप्तभएको मितिले बाटोको म्यादबाहेक तीन दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाइ म्यादभित्र लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू ।" अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) को प्रतिकूल जरुरी पक्राउपुर्जी जारी भएको भन्ने निवेदकका तर्फबाट बहस पैरवी गर्न उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू तथा अधिवक्ताहरूले तर्कपूर्ण बहस गर्नुभएको हुँदा निवेदकलाई जरूरी पक्राउ पुर्जी जारी गर्नुपर्ने उल्लिखित दफाको पूर्वावस्था रहे नरहेको के हो प्रत्यर्थीहरूबाट जवाफ आउने गरी लिखितजवाफ पेस गर्न लगाउनु भनेको छ।

साथै, सुनुवाइको दिन कार्की आयोगको छानबिन प्रतिवेदनसमेतको अनुसन्धानको मिसिल इजलाससमक्ष देखाइ फिर्ता लानेगरी मगाउन भनिएको छ । अध्यक्ष ओलीको पत्नी राधिका शाक्यले आइतबार गैरकानुनी थुनामा राखिएकाले थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो । सो रिट निवेदनमा भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिसका आधारमा पक्राउ गर्नु र थुनामा राख्नु गैरकानुनी भएको उल्लेख गरिएको थियो।

## सरकार बदलाको भावनाबाट प्रेरित भएर अघि बढ्न हुदैन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**

पोखरा, १६ चैत



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कानून बाधक बनेको अवस्थामा त्यसलाई संशोधन गर्न सकिने स्पष्ट पार्दै कसैले पनि कानून हातमा लिन नहुने बताएका छन् ।

नेपाल पत्रकार महासंघ कास्की शाखाद्वारा ७१औं स्थापना दिवसको अवसरमा पोखरामा सोमबार आयोजित पत्रकारिता सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा बोल्दै मुख्यमन्त्री पाण्डेले यस्तो धारणा व्यक्त गरेका हुन् ।

उनले वर्तमान राजनीतिक परिस्थितिमा सत्ता पक्ष बलियो र प्रतिपक्ष कमजोर रहेको उल्लेख गर्दै यस्तो अवस्थामा पत्रकारिता क्षेत्रको जिम्मेवारी अझ बढेको तर्क गरे। "अहिलेको अवस्थामा पत्रकारिता कमजोर भयो भने सत्ता निरंकुश बन्न सक्छ," उनले भने, "पत्रकारले 'वाचडग'को भूमिका अझ सशक्त रूपमा निर्वाह गर्नुपर्छ ।" मुख्यमन्त्री पाण्डेले कानून र संविधान परिवर्तन नभएसम्म सरकारले संयमता गुमाउन नहुने बताए।

उनले सरकार बदलाको भावनाबाट प्रेरित भएर अघि बढ्न नहुने चेतावनी दिँदै त्यसो भए स्वतन्त्रता र न्याय दुवै जोखिममा पर्ने उल्लेख गरे। उनका अनुसार न्यायपालिका, पत्रकारिता र नागरिक समाजले आफ्नो जिम्मेवारीबाट विचलित भए लोकतान्त्रिक मूल्यहरू कमजोर हुन सक्छन् ।

"राज्य बलियो हुँदा निरंकुशताको खतरा बढ्छ, त्यसलाई नियन्त्रण गर्न स्वतन्त्र र जिम्मेवार पत्रकारिता अपरिहार्य हुन्छ," उनले जोड दिए। कार्यक्रममा मुख्यमन्त्री पाण्डेले आफू प्रेस स्वतन्त्रताको पक्षमा रहेको बताउँदै आफ्नो कार्यकालमा कुनै पनि पत्रकारमाथि दमन नहुने प्रतिबद्धता व्यक्त गरे ।

यस अवसरमा अग्रज पत्रकार राजबहादुर गुरुङलाई 'पोखरा पत्रकारिता सम्मान २०८१' प्रदान गरिएको थियो भने संस्थागततर्फ सहारा क्लब पोखरा सम्मानित भएको छ । त्यसैगरी, जगन्नाथ सिग्देल स्मृति पत्रकारिता पुरस्कारबाट फणिन्द्र अधिकारी (अकिञ्चन) र एकराज गिरी पुरस्कृत भएका छन् ।

विगत तीन दशक देखि पत्रकारिता क्षेत्रमा क्रियाशिल गुरुङ हाल यूनाइटेड खबर अनलाइनमा आवद्ध छन् । सम्मान राशि नगद रु।५० हजार ५ सय ५५ , दोषल्ला र सम्मानपत्र रहेको छ। सूर्यबहादुर केसी मेमोरियल सहारा आवसीय फुटबल एकेडेमीमा हाल विपन्न तथा कठिन परि स्थितीका ३० जना बालकहरु रहेका छन् । क्लवले हरेक बर्ष आहा रारा पोखरा गोल्ड कप समेत आयोजना गर्दै आएको छ भने सामाजिक कार्यमा समेत गर्दै आएको छ। सम्मान छनौट समितिमा अग्रज पत्रकार कुसुमकेशव पराजुली, पुण्य पौडेल र गंगाधर पराजुली रहेका थिए । नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल सहित पत्रकार रुद्र श्रीस मगर र भिम थापाको पुरस्कार छनौट समितिको सिफारिसमा उक्त पुरस्कार अधिकारी र गिरीलाई दिने निर्णय गरिएको हो।

पुरस्कारको राशि २५ हजार ५ सय ५५ रुपैया र सम्मान पत्र रहेको छ । विगत २ दशक देखि पत्रकारिता क्षेत्रमा क्रियाशिल अधिकारी हाल गोरखा पत्र दैनिक र गिरी सफल न्यूजमा आवद्ध छन् । कार्यक्रम नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा सम्पन्न भएको थियो । महासंघले हरेक वर्ष विभिन्न विधामा पत्रकार तथा संस्थाहरूलाई सम्मान गर्दै आएको सचिव भूपाल गुरुङले जनाए। महासंघले हरेक बर्ष कम्तिमा ८ वटा पुरस्कार तथा सम्मान अपर्ण गर्ने गरेको उपाध्यक्ष माधव रेग्मीले बताए।

## आगामी बजेट सन्तुलित आउँछ : प्रधानमन्त्री शाह

**रासस**

काठमाडौं, १६ चैत



प्रधानमन्त्री वालेन्द्र शाहले आगामी आर्थिक वर्षको बजेट सन्तुलित बनाइने बताउनुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा सोमबार कर्णाली प्रदेशका सङ्घीय सांसदहरूसँगको छलफलमा उहाँले बजेटमार्फत कर्णाली प्रदेशलाई न्यायोचित सम्बोधन गरिने विश्वास दिलाउनुभयो । "कर्णालीलाई आगामी बजेटमा न्यायोचित सम्बोधन गरिन्छ, बजेट सन्तुलित हुन्छ", प्रधानमन्त्री शाहको भनाइ उद्धृत गर्दै छलफलमा सहभागी सल्यान क्षेत्र नं १ का सांसद रमेश मल्लले भन्नुभयो । छलफलमा प्रधानमन्त्री शाहले सरकार यस वर्ष शासकीय सुधारमा केन्द्रित रहने बताउनुभएको थियो ।

नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट निर्वाचित सांसद मल्ल प्रधानमन्त्रीसँगको छलफल आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा केन्द्रित रहेको राससलाई जानकारी दिनुभयो । छलफलमा सहभागी सांसदहरूले आगामी वर्षको बजेटमा कर्णालीलाई पहिलो प्राथमिकता दिन, प्रदेशको शासकीय सुधार तथा भौतिक पूर्वाधार निर्माणलगायत बारेमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो। "जाजरकोट भूकम्पपछिको राहत तथा पुनर्निर्माण, मनसुनपूर्व तयारी, कर्णाली, भेरी, राप्तीलगायत विभिन्न सडक करिडोर तथा मध्यपहाडी, मदनभण्डारी,


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## तयारी कक्षा र मापदण्डविपरीतका 'ब्रिजकोर्स' बन्द गरिने

**रासस**

काठमाडौं, १६ चैत

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उच्च शिक्षाका विभिन्न तह लक्षित कार्यक्रम प्रचलित कानुनबमोजिम सञ्चालन नभएको भए बन्द गर्न निर्देशन दिएको छ। मन्त्रालयका


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## २४ उम्मेदवारमा १० जनाले बुझाए चुनावी खर्च

**श्रीकृष्ण सिग्देल**

स्याङ्जा, १६ चैत

नेपालको निर्वाचन सम्वन्धी ऐन अनुसार चुनावमा सहभागी उम्मेदवारले चुनावी खर्च बुझाउनुपर्ने व्यवस्था छ। चुनावी खर्च नबुझाउने उम्मेवार अर्को चुनावमा भाग लिन समेत नपाउने व्यवस्था रहेको छ।

सोही व्यवस्था अनुसार प्रतिनिधि सभा निर्वाचन २०८२ मा उम्मेदवार बनेका स्याङ्जाका २४ जना उम्मेदवार मध्ये १० जनाले मात्रै चुनावी आम्दानी खर्च विवरण जिल्ला निर्वाचन कार्यालयमा बुझाएका छन् । जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकृत श्रीराम थापाका अनुसार अहिलेसम्म १० जना उम्मेदवारले निर्वाचनको आम्दानी खर्च विवरण बुझाएको जानकारी दिए । स्याङ्जाका दुई निर्वाचन क्षेत्रमा १२/१२ जना गरी २४ उम्मेदवार चुनावी मैदानमा थिए। ति मध्ये क्षेत्र नं. १ मा ४ जना र क्षेत्र नं. २ मा ६ जनाले चुनावी आम्दानी खर्च विवरण बुझाएको निर्वाचन अधिकृत थापाले बताए। अधिकृत थापाका अनुसार क्षेत्र नं. १ मा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार शैलेन्द्र घिमिरे, नेशनल रिपब्लिक पार्टीका अर्जुनकुमार गुरुङ, प्रगतिशिल लोकतान्त्रिक पार्टीका उम्मेदवार रनबहादुर विश्वकर्मा र राप्रपाका उम्मेदवार हुकुमबहादुर रानाले आफ्नो चुनावी आम्दानी खर्च विवरण पेश गरेका छन् । यसैगरी क्षेत्र नम्बर २ मा नेपाली काँग्रेसका उम्मेदवार भागवतप्रकाश मल्ल, नेकपा एमालेका खिमबहादुर थापा, स्वतन्त्र उम्मेदवार खिमबहादुर क्षेत्री, नेशनल रिपब्लिक नेपालका उम्मेदवार तेजबहादुर थापा, मंगोल नेशनल अर्गनाइजेसनका खर्कबहाहदुर थापा, राष्ट्रिय जनमुक्ति पार्टीका उम्मेदवार हरिदेव थापा गरी ५ जनाले चुनावको आम्दानी र खर्च विवरण कार्यालयमा पेश गरेको थापाले बताए।

चुनावमा भाग लिएका १४ जनाले चुनावी खर्च बुझाउन बाँकी रहेको छ। यसमा क्षेत्र नं. १ मा ८ जना र क्षेत्र नम्बर २ मा ६ जना बाँकी रहेको कार्यालयले जनाएको छ । निर्वाचनको मत परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र चुनावी खर्च बुझाउन पाइने व्यवस्था छ।

समय अझै बाँकी रहेको र निर्वाचन खर्च बुझाउने क्रम जारी रहेकाले सबै उम्मेदवारले आयोगको ऐन अनुसार समयमै खर्च र आम्दानी पेश हुने विश्वास थापाले लिएका छन् । २०७४ को स्थानीय र संघ, प्रदेशको निर्वाचनमा अधिकांश उम्मेदवारले निर्वाचन खर्च बुझाउका थिएनन्। त्यसैगरी २०७९ को निर्वाचनमा पनि अधिकांश उम्मेदवारले निर्वाचन खर्च बुझाएका छैनन्। यो पटक भने निर्वाचन खर्च नबुझाउने उम्मेदवार अर्कोपटक उम्मेदवार बन्न पाउने छैनन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरामा 'नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२६'मा एक सय गाडी बुकिङ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत



पर्यटकीय नगरी पोखरामा सम्पन्न दोस्रो संस्करणको 'नाडा प्रेजेन्ट्स् वाडा अटो शो २०२६'मा करिब एक सय सवारी साधन बुकिङ भएको छ।

पाँच दिनसम्म सञ्चालन भएको उक्त अटो शोले ८५ करोड रुपैयाँभन्दा बढीको कारोबार गर्दै अटो शो सम्पन्न भएको आयोजक पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) ले जनाएको छ । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको प्रस्तुतीमा लेकसाइडस्थित तालबाराही चोक नजिक बाराही खेल मैदानमा आयोजित प्रदर्शनीमा ३५ हजार दर्शकले अवलोकन गरेको वाडाका अध्यक्ष दीपेन्द्र कोइरालाले बताउनु भयो । अटो शो अवधिभर प्रदर्शनीमा करिब ३५ वटा सवारी साधन बिक्री तथा डेलिभरी भएको र झण्डै एक सय सवारी साधन बुकिङ भएको उहाँले जनाउनु भयो।

वाडाका कोषाध्यक्ष अशोक चालिसेले विशेषगरी विद्युतीय (ईभी) सवारी साधनप्रति उपभोक्ताको आकर्षण उच्च देखिएको जानकारी दिनुभयो । "अधिकांश बिक्री र बुकिङ ईभी गाडीमै केन्द्रित रह्यो," उहाँले भन्नुभयो । आयोजकका अनुसार अटो शोमा करिब ४५ हजार दर्शक भित्र्याउने र एक अर्ब रुपैयाँको कारोबार गर्ने लक्ष्य राखिएको थियो। तर केही दिन परेको वर्षाका कारण लक्ष्यभन्दा केही कम उपलब्धि हासिल भएको जनाइएको छ । नाडाका उपाध्यक्ष विक्रम सिंघानियाले प्रतिकूल मौसमका बाबजुद पनि अटो शो करिब ८० प्रतिशतभन्दा बढी सफल भएको बताउनुभयो । उहाँले अटो व्यवसाय प्रवर्द्धनका लागि सरकारले व्यवसायीमैत्री कानून ल्याउनुपर्नेमा जोड दिनुभयो । प्रदेशकै ठूलो अटो प्रदर्शनीका रूपमा लिइएको उक्त अटो शोमा विभिन्न ब्रान्डका चारपाङ्ग्रे, दुईपाङ्ग्रे तथा कमर्शियल सवारी साधनका साथै अटो एसेसरिज, लुब्रिकेन्ट, टायर तथा वित्तीय संस्थाहरूको सहभागिता रहेको थियो । यस अटो शोले अटो व्यवसाय प्रवर्द्धन, आधुनिक प्रविधिको जानकारी आदानप्रदान, क्षेत्रीय बजार विस्तार तथा आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको अटो शो संयोजक शिव श्रेष्ठले बताउनुभयो।



फेवातालमा पर्यटकः पर्यटकीय नगरी पोखरास्थित फेवातालमा बोटिङ गर्दै स्वदेशी तथा विदेशी पर्यटक।
तस्बिरः राधिका कँडेल/रासस

# पोखराको लेकसाइडका आठ स्पा सञ्चालक पक्राउ

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ चैत

जिल्ला प्रहरी कार्यालय, कास्कीले पोखराको लेकसाइडमा सञ्चालित स्पा सेन्टरमा बालिकाहरूलाई काममा लगाएको आरोपमा आठ जना स्पा सञ्चालकलाई आइतबार पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पोखरा महानगरपालिका-६ लेकसाइड बस्ने ४७ वर्षीय होमबहादुर बुढाथोकी, सोही स्थानका २४ वर्षीया जेनिशा श्रेष्ठ सुनार, २३ वर्षीया शर्मिला परियार, ४२ वर्षीय सुरेश विक, २७ वर्षीय जीवन श्रेष्ठ, ३० वर्षीया अप्रिना खातुन, ४४ वर्षीय राजु थापामगर र पोखरा-१७ का २८ वर्षीय सरोज सुनार रहेको कार्यालयले जनाएको छ।

मापदण्ड विपरीत स्पा सेन्टर चलाएको, बालिकाहरूलाई कामदार बनाएको र स्पा सेन्टरभित्र अवान्छित क्रियाकलाप गर्ने/गराउने गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको कार्यालयका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो।

स्पा सेन्टरबाट उद्धार गरिएका बालिकाहरूलाई परिवार र आफन्तको जिम्मा लगाइएको उहाँको भनाइ छ । पक्राउ परेकामाथि अनुसन्धान अगाडि बढाएको जनाइएको छ।

# दसौँ पोखरा स्पोर्टस् अवार्ड तयारी, उपसमिति गठन



**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आगामी वैशाख १८ गते आयोजना गर्ने १० औं पोखरा स्पोर्टस् अवार्डको तयारी गरेको छ।

सोमबार मञ्चको आयोजनामा अवार्ड तयारीका लागि सदस्यहरु तथा पत्रकार सम्बद्ध संघसस्थाहरुका प्रतिनिधिबीच भेला सम्पन्न भयो। मञ्च अध्यक्ष एमबि आस्थाको अध्यक्षतामा बसेको भेलाले विभिन्न १० उपसमिति गठन गरेको महासचिव परशुराम शर्माले जानकारी दिए। अवार्डको मूल आयोजक समिति संयोजकमा अध्यक्ष एमबि आस्था तथा सहसंयोजकमा उपाध्यक्षद्वय राजाराम पौडेल र उमा आले छन् । आर्थिक उपसमिति संयोजक जिम्मेवारी कोषाध्यक्ष विमलप्रसाद तिवारीलाई दिइएको छ । यसैगरी, प्रचारप्रसार संयोजकमा महासचिव परशुराम शर्मा र सहसंयोजक पूर्व महासचिव विजय नेपाल छन् । स्वागत तथा अतिथि सत्कारमा निवर्तमान अध्यक्ष दीननाथ बराल, अन्तर्राष्ट्रिय समन्वय उपसमिति संयोजकमा पूर्व अध्यक्ष प्रेमनारायण न्यौपाने, मञ्च व्यवस्थापन तथा सांस्कृतिक उपसमिति संयोजकमा सहसचिव राजु गिरी चयन भए । फोटो तथा भिडियो व्यवस्थापनको जिम्मेवारी कार्यसमिति सदस्य गीता रानाले पाए । अनुगमन तथा मूल्यांकन उपसमिति संयोजकमा पूर्व कार्यवाहक अध्यक्ष सन्देश श्रेष्ठ र संघसंस्था समन्वय संयोजक राजाराम पौडेल र क्वीक रेस्पोन्स संयोजक उमा आले छन्। मञ्चका पूर्व अध्यक्षहरु तथा हालका सल्लाहकार एवं कानूनी सल्लाहकारलाई अवार्डको सल्लाहकारमा चयन गरिएको छ। अन्य उपसमिति आवश्यकता बमोजिम थप गरिने जनाइएको छ। भेलामा सहभागी नेपाल पत्रकार महासंघ गण्डकी अध्यक्ष रमेश पौडेलले स्पोर्टस् अवार्डलाई सबै पत्रकारले अपनत्व लिनुपर्ने र यो अवार्ड सिंगो गण्डकी प्रदेशकै गौरवको इभेन्ट भएको उल्लेख गरे । यसैगरी, नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष माधव बराल, नेपाल फोटो पत्रकार संघ कास्की अध्यक्ष राम गुरुङ, मञ्चका पूर्व अध्यक्षहरु विनोद लामिछाने, प्रेमनारायण न्यौपाने, एकराज गिरी, दीननाथ बराल, सल्लाहकार सुरज श्रेष्ठ, पूर्व कावा अध्यक्ष सन्देश श्रेष्ठलगायतले विभिन्न सल्लाह सुझाव दिए । मञ्चले यसपालि लाइफटाइम अचिभमेन्ट अवार्डसहित ८ विधामा अवार्ड प्रदान गर्दैछ। जसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल पत्रकार, वर्ष उत्कृष्ट खेल संघसंस्था र पपुलर प्लेयर हुन् । ठिक एक महिनापछि हुने उक्त अवार्ड खेलाडी सम्मानमा गण्डकीकै ठूलो इभेन्ट हो।

# नेता लेखकको बन्दीप्रत्यक्षीकरणको रिटमा कारण देखाउ आदेश

**रासस**
काठमाडौं, १६ चैत

सर्वोच्च अदालतले नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई थुनामुक्त माग गर्दै दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन पक्राउ गर्नुको आधार र कारणसहित लिखित जवाफ माग गरेको छ।

न्यायाधीश कुमार रेग्मीको इजलासले सोमबार कारण देखाऊ आदेश गर्दै सूचना पाएको मितिले तीन दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनिएको छ। आदेशमा भनिएको छ, "लिखित जवाफमा यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण तथा निवेदकलाई पक्राउ गर्दा मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को दफा ९ (६) को पूर्वअवस्थाको विद्यमानता रहे नरहेकोसमेत खुल्ने गरी बाटोको म्याद बाहेक सूचना पाएका मितिले ३ (तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु।"अदालतले निवेदनको एक/एकप्रति नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना जारी गरी म्यादभित्र लिखित जवाफ़ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्न भनेको छ। साथै, विसं २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदन तथा अनुसन्धानको क्रममा तयार पारिएको सक्कल मिसिल महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाइ पेस गर्न भनिएको छ।

# चितवनमा 'बर्डफ्लु' पुष्टि, १८ हजार बढी कुखुरा नष्ट

**रासस**
काठमाडौं, १६ चैत

चितवनमा पन्छीमा देखिने बर्डफ्लु (एच-फाइभ एन-वान) सङ्क्रमण पुष्टि भएको छ।

यहाँको भरतपुर महानगरपालिका-४ स्थित एक व्यावसायिक लेयर्स फार्म तथा नजिकैको एक लोकल कुखुरा फार्ममा बर्डफ्लु पुष्टि भएको हो।

पशु सेवा कार्यालय चितवनका प्रमुख डा प्रभात न्यौपानेका अनुसार देशको पूर्वी क्षेत्रमा देखिएको बर्डफ्लु हाल चितवनमा पनि पुष्टि भएको छ। उहाँले यस रोगले व्यावसायिक रूपमा पालिएका कुखुरामा प्रभाव पारेको र अन्य चराचुरुङ्गीमा समेत सङ्क्रमण फैलन सक्ने बताउनुभयो । उहाँका अनुसार भाइरसजन्य रोग भएकाले यसको नियन्त्रणका लागि जैविक सुरक्षा अपनाउनु अत्यन्त आवश्यक छ । घरमा वा व्यावसायिक रूपमा पालिएका हाँस तथा कुखुराको नियमित स्वास्थ्य परीक्षण, फार्मको सरसफाइ तथा आवतजावत नियन्त्रणमा विशेष ध्यान दिन किसानलाई उहाँले आग्रह गर्नुभयो।

बर्डफ्लु देखिएको स्थानमा सङ्क्रमण नियन्त्रणका लागि करिब १८ हजार लेयर्स कुखुरा नष्ट गरिएको छ भने नजिकैको अर्को फार्ममा करिब ९०० लोकल कुखुरा नष्ट गरिएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चितवनमा २०७८ सालपछि बर्डफ्लु यस वर्ष पहिलोपटक देखिएको हो र हालसम्म अन्यत्र फैलिएको छैन।" अघिल्लो पटक २०७८ सालमा बर्डफ्लु फैलँदा जिल्लामा करिब आठ लाख कुखुरा नष्ट गरिएको थियो।

राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला चितवनका प्रमुख डा विजयकुमार श्रेष्ठका अनुसार हालसम्म अन्य स्थानमा बर्डफ्लु पुष्टि नभए पनि जिल्लामा जोखिम भने कायम छ। उहाँले रोग विभिन्न माध्यमबाट सजिलै सर्न सक्ने भएकाले यसको न्यूनीकरणका लागि उच्च सतर्कता अपनाउन आग्रह गर्नुभयो । फार्महरूबीच सामग्री तथा अन्य वस्तुको ओसारपसार गर्दा विशेष सावधानी अपनाउन तथा किसानहरू सचेत रहन आवश्यक रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "हाम्रो कुखुरापालन क्षेत्रको अवस्था नेटवर्किङजस्तै रहेको छ। एउटै सवारीसाधनले विभिन्न फार्ममा अण्डा सङ्कलन तथा दाना आपूर्ति गर्ने गर्छ । यसरी सङ्कलन र आपूर्ति गर्ने क्रममा सङ्क्रमित फार्मबाट स्वस्थ फार्ममा जाँदा भाइरस सर्नसक्ने जोखिम रहन्छ।" जिल्लामा गत आर्थिक वर्षको तथ्याङ्कअनुसार करिब एक करोड आठ लाख कुखुरा रहेको पशु सेवा कार्यालयले जनाएको छ।

यौन हिंसाबाट बचौं र बचाऔं:

◆ यौनजन्य हिंसा सामाजिक अपराध हो,
◆ बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
◆ हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
◆ अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
◆ बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
◆ बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## तयारी ...

प्रवक्ता शिवकुमार सापकोटाद्वारा आज जारी विज्ञप्तिमा नवनियुक्त मन्त्री सस्मित पोखरेलले गर्नुभएको निर्णयका आधारमा विद्यालय तहका विभिन्न कक्षामा भर्ना लिन प्रवेश परीक्षा तयारी कक्षा एवं ब्रिजकोर्सका नाममा विभिन्न संस्थाले सञ्चालन गर्दै आएका त्यस्ता कार्यक्रम बन्द गराउन निर्देशन दिइएको उल्लेख छ।

आगामी वैशाख १ गतेदेखि पूर्णरुपमा बन्द गराउने निर्णयबमोजिम यस्तो निर्देशन दिइएको विज्ञप्तिमा उल्लेख छ।

"निर्धारित कुननी मापदण्डअनुरुप त्यस्ता कार्यक्रमहरू सञ्चालन भए नभएको अनुगमन गरी प्रचलित कानुबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई अनुरोध गरिन्छ", विज्ञप्तिमा भनिएको छ।

विद्यालय तहमा यस्ता कार्यक्रमले विद्यार्थीको मनोविज्ञान तथा शिक्षामा समतामूलक पहुँचमा नकारात्मक प्रभाव पार्ने र विद्यार्थीका लागि अनावश्यक आर्थिक बोझसमेत पर्ने मन्त्रालयको बुझाइ रहेको छ।

## आगामी ...

लुम्बिनी-रारालगायत लोकमार्ग तथा सडक पूर्वाधार, स्वास्थ्य बिमा, मातृ-शिशु पोषण, दैलेखको पेट्रोलियम खानी अनुसन्धान, वन्यजन्तुबाट हुने जोखिम व्यवस्थापन साथै सञ्चार, विद्युत्, खानेपानी, सिँचाइ, कृषि, वन, पर्यटन, शिक्षा क्षेत्रका प्राथमिकताबारे प्रधानमन्त्रीसँग कुरा राखेका छौँ", सांसद मल्लले भन्नुभयो।

छलफलमा कर्णाली प्रदेशबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने नेपाली कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सहभागी हुनुहुन्थ्यो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदि
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदि

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कार्यान्वयनमा जोड देउ

सेवा प्रवाहमा सुधार ल्याउन सरकारले शासकीय सुधारसम्बन्धी एक सयबुँदे कार्यसूची सार्वजनिक गरेको छ । अहिले मुलुकको प्रमुख समस्या सुशासन अभाव, बढ्दो भ्रष्टाचार र दण्डहीनता हो । सरकारले मुलुकमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने भएको छ। सो समिति प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत रहने गरी गठन हुने छ । नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वमा गठित सरकारले पहिलो मन्त्रीपरिषद् बैठकबाट शासकीय सुधारका एक सय वटा कार्यसूची पारित गरेको थियो । सरकारले पहिलो चरणमा २०६२/६३ देखि हालसम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको सङ्कलन, प्रमाणीकरण तथा छानबिन गर्दै छ ।

दोस्रो चरणमा विसं २०४८ देखि २०६१/६२ सम्मको अवधिमा सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा कर्मचारीको सम्पत्ति छानबिन गरिने छ । १२ वटा शीर्षकमा जारी कार्यसूचीमा जेनजी आन्दोलनका क्रममा भदौ २४ गते भएको घटनाको सत्यतथ्य छानबिन गर्न एकसाताभित्र उच्चस्तरीय छानबिन समिति गठन गरिने भएको छ । सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन तथा नागरिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने ढाँचामा रूपान्तरण गर्न नतिजामा आधारित शासकीय प्रवन्ध लागु गरिने छ । यसका लागि प्रत्येक मन्त्रालयले सात दिनभित्र प्रमुख १० कार्य, तिनका समयसीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा लगिने छ ।

संविधानको मूल मर्म, लोकतान्त्रिक प्रणालीको सुदृढीकरण तथा निर्वाचनमार्फत व्यक्त जनादेशलाई संस्थागत रूपले कार्यान्वयन गर्न निर्वाचनमा सहभागी सबै राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धतापत्रमा समावेश कार्यान्वयन योग्य विषयहरूको संश्लेषण गरी 'राष्ट्रिय प्रतिबद्धता' तयार गर्ने एवं सोमा नेपाल सरकारको साझा स्वामित्व स्थापित गरिने भएको छ । देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायतका विषयमा संविधान संशोधनसम्बन्धी विषयमा राष्ट्रिय सहमति निर्माण गर्न सात दिनभित्र 'संविधान संशोधन बहसपत्र' तयार गर्न प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको अध्यक्षतामा कार्यदल गठन गरिएको छ ।

बहुदलीय व्यवस्था आएदेखि हालसम्म विभिन्न आयोग गठन भई प्रतिवेदन तयार पारिए पनि कार्यान्वयन भएका छैनन् । सरकारले अघिल्ला प्रतिवेदन कार्यान्वयन भएको छैन । यसैलाई ध्यानमा राखी सरकारले ३० दिनभित्र सम्बन्धित प्रतिवेदनका सिफारिस कार्यान्वयन गर्न आवश्यक कानुनी, प्रशासनिक र अभियोजन प्रक्रिया सुरु गर्ने भएको छ । चालु खर्च घटाउन संघीय मन्त्रालयको संख्या १७ वटा कायम गरिने । सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाइँने भएको छ ।

यस उद्देश्यका लागि निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा सबै राष्ट्रसेवकले कुनै पनि दल, समूह वा स्वार्थ केन्द्रसँगको प्रत्यक्ष वा अप्रत्यक्ष आबद्धताबाट मुक्त भई कार्यसम्पादन गर्न अनिवार्य गरिएको छ । यसको उल्लङ्घन भएमा प्रचलित कानुनबमोजिम कडाइका साथ विभागीय कारबाही गरिने छ । साथै सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गरिने भएको छ । नागरिकलाई सरकारी सेवा लिन धेरै कार्यालय धाउनुपर्ने, प्रक्रियागत झन्झट बेहोर्नुपर्ने तथा समय र लागत दुवै बढ्ने अवस्थाको अन्त्य गर्न प्रमुख सहरमा 'एजेन्सिफिकेसन मोडालिटी' मा नागरिक सेवा केन्द्र सञ्चालन गरिँदै छ । सरकार भाषणमा होइन देश र जनताका लागि असल कर्ममा केन्द्रित हुँदै छ । यही असल कर्मले नै सरकार सफल हुने हुँदा इमानदार भएर कार्यान्वयनमा लानु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बर्ड फ्लूको जोखिम देखिएपछि भारतीय सीमामा उच्च सर्तकता

रासस
काठमाडौं, १६ चैत

खुला सीमा रहेको बाँकेको नेपालगञ्जलगायत स्थानमा बर्ड फ्लूको जोखिम देखिएपछि यहाँ उच्च सर्तकता अपनाइएको छ ।

जिल्लासँग जोडिएका नाकाबाट अवैध रूपमा भारतबाट ल्याउन लागिएका चल्ला दैनिकजसो नष्ट गरिएको पशु क्वारेन्टाइन कार्यालय, बाँकेका प्रमुख डा हरेराम यादवले जानकारी दिनुभयो । उहाँले यस क्षेत्रमा बर्ड फ्लू नदेखिएको उल्लेख गर्दै कुखुराका चल्ला र सेतो अण्डा ल्याउन रोक लगाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "खुला सीमा क्षेत्रका कुखुराका चल्ला र अण्डा ल्याउँछन् तर प्रहरी देखेपछि छाडेर भाग्छन् ।" सरकारले भारतबाट कुखुराका चल्ला वा सेतो अण्डा नेपाल ल्याउन प्रतिबन्ध लगाएको छ । डा यादवले आन्तरिक ढुवानीमा कडाइ र निगरानी गरिएको जानकारी दिँदै कुखुराको आयात निर्यातमा कडाइ गरिएको बताउनुभयो । पशु क्वारेन्टाइन कार्यालयका अनुसार जिल्लामा करिब २० देखि २५ थान ब्रोइलर भारतीय कुखुरा दैनिक रूपमा नष्ट गरिएको छ ।

उहाँले भन्नुभयो, "हामीलाई विभागबाट स्पष्ट निर्देशन आएको छ र हामी सचेत छौँ । तराईसँग खुला सीमा जोडिएका जिल्लामा बर्ड फ्लूको जोखिम देखिएको छ ।" नियमित रूपमा कार्यालयबाट हुने जनचेतानमूलक कार्यक्रम भइरहेको डा यादवको भनाइ छ । भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नेपालगञ्जका वरिष्ठ पशु विकास अधिकृत डा गणेशबहादुर पुनले चल्ला आयातमा उच्च सर्तकता अपनाएको बताउनुभयो । जिल्लामा सुइया, बगौँडा, खडैँचा, जमूनाह नाकालगायत विभिन्न क्षेत्र खुला सीमा नाका रहेका छन् ।

# स्थानीय उत्पादनलाई बजार अभाव



पोखरापत्र संवाददाता
बागलुङ, १६ चैत

बागलुङमा लाग्ने चैतेदसैँ मेलालाई स्थानीय उत्पादनको बजारीकरण गर्ने माध्यमका रुपमा लिइन्छ । तर पछिल्लो समय आयातित वस्तुको कारण ग्रामीण क्षेत्रका उत्पादन ओझेलमा परेका छन् ।

मेला सुरु हुनुअगावै बागलुङका ग्रामीण क्षेत्रसहित पर्वत, म्याग्दी, कास्की, तनहुँ, स्याङ्जालगायत देशैभरबाट व्यापारका लागि आएका व्यापारी यसपालि त्यति उत्साहित देखिएनन् । आयातित वस्तुको व्यापार राम्रो भए पनि गाउँबाट लिएका चोयाको डाली, नाङ्लो, मुडा, काठको ठेकी, मदानीसहितका सामग्रीको व्यापार राम्रो नभएको व्यापारी बताउँछन् । कालिका मन्दिर परिसरमा यही चैत १० गतेदेखि मेला लागेको छ । मेला भर्न आउने दर्शकले लत्ताकपडा, प्लास्टिकका भाँडा किनमेल गरे पनि स्थानीय उत्पादनतिर खासै चासो नदिएको म्याग्दीबाट काठका ठेकी बिक्री गर्न आउनुभएका लिलबहादुर चुँदाराले बताउनुभयो ।

आफू ३७ वर्षदेखि निरन्तर चैतेदसैँ मेलामा ठेकी बिक्रीका लागि आएको भन्दै उहाँले पछिल्लो एक दशकमा व्यापार निकै कम भएको बताउनुभयो । पहिले गाउँमा धेरैले वस्तुभाउ पाल्ने, दूध, दही र मही बनाउने गरे पनि हिजोआज बजारबाटै दूध किनेर उपभोग गर्न थालेपछि काठका ठेकी र मदानी बिक्री हुन छोडेको चुँदाराले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले वर्षभरि गाउँमा ठेकी, मदानीलगायत थुप्रै काठका सामान बनाउने र चैतेदसैँमा लिएर बिक्री गर्थ्यौँ, बिक्री पनि धेरै हुन्थ्यो, कमाइ पनि राम्रै हुन्थ्यो, त्यही कमाइले वर्षभरि परिवार चलाउँथ्यौँ, अहिले त दिनभरि कुरेर बस्यो, पाँच-सातवटा पनि बिक्री हुँदैन, आउने जाने भाडा पनि नउठ्ला भन्ने चिन्ता छ ।" कास्कीको माछापुछ्रेबाट चोयाको डालो बिक्रीका लागि आउनुभएका तुलमान गुरुङले प्लास्टिकका भाडाँकुँडाले स्थानीय उत्पादनलाई विस्थापित गर्न थालेको बताउनुभयो ।

विगत २२ वर्षदेखि चैतेदसैँ मेलामा डाली बिक्री गर्न आएको भन्दै तीन वर्षदेखि व्यापार निकै कम भएको उहाँको भनाइ छ । व्यापार गर्न आउँदा गाडी भाडा नै हजारौँ तिर्नुपरेको भन्दै उहाँ मेला सकिँदासम्म बिक्री नहुँदा सित्तैमा दिनुपर्ने अवस्था रहेको बताउनुहुन्छ । "यो मेला पनि पहिलेको जस्तो रमाइलो छैन, उतिबेला सबै गाउँ ठाउँमा नाचगान हुन्थ्यो, अहिले त केके गराए यस्तो ?, न व्यापार राम्रो हुन्छ", गुरुङले भन्नुभयो, "पहिले गाउँमा भएका सबै उत्पादन बोकेर ल्याउँथ्यौँ, माग धेरै हुन्थ्यो, फर्किने बेला एक डेढ लाख रुपैयाँ बोकेर फर्किन्थ्यौँ, अहिले त पहिलाभन्दा धेरै कम डालो नाङ्लो ल्याएर आएको त्यही पनि बिक्री नभएर यतिकै राखिरहेका छौँ ।" बागलुङको बडिगाड गाउँपालिका-४ जलजलाबाट हरेक वर्ष १५/२० जना स्थानीय डालो बिक्रीका लागि आउने गर्छन् । यसपालि पनि आएका छन् । तर अघिल्लो वर्ष व्यापार कम हुँदा यसपालि पहिलेको जति व्यापारी आएनन् । मेलामा स्थानीय उत्पादन बिक्रीमात्रै गर्न व्यवस्थापन मिलाउनुपर्ने चन्द्रबहादुर विकले बताउनुभयो । पछिल्लो समय स्थानीय उत्पादनभन्दा आयातित सामानप्रति नागरिकको आकर्षण बढी भएको हुँदा मौलिक सीप र सामानले बजार नपाएको उहाँले गुनासो गर्नुभयो ।

# एक करोडभन्दा बढी लगानीमा प्रभुचेला 'योगध्यान केन्द्र' तयार

पोखरापत्र संवाददाता
म्याग्दी, १६ चैत



मालिका गाउँपालिका-७ प्रभुचेला 'मेडिटेसन सेन्टर'का रूपमा विकास भएको छ ।

बस्तीदेखि टाढा शान्त र एकान्त वातावरणमा रहेको प्रभुचेलामा भौतिक पूर्वाधार तयार भएपछि तनाव व्यवस्थापनका लागि मानिसहरू 'मेडिटेसन' गर्न आउन थालेका हुन् । प्रभुचेला तनाव व्यवस्थापन, मानसिक र शारीरिक स्वास्थ्यका लागि उपयोगी मानिएको मेडिटेसन गर्ने थलोका रूपमा विकास भएको प्रभुचेला धुरी ध्यानाश्रम समितिका अध्यक्ष टीकाबहादुर जुग्जाली (नवीन)ले बताउनुभयो । "परापूर्वकालमा ऋषिमुनिहरूले तपस्या गरेर ज्ञान आर्जन गरेको प्रभुचेला आधुनिक समाजको व्यस्त जीवनशैलीबाट टाढा भएर तनाव व्यवस्थापनका लागि मेडिटेसन गर्नेहरूका लागि उपयुक्त गन्तव्यका रूपमा विकास भएको छ", उहाँले भन्नुभयो, "सरकारी निकाय र दाताहरूबाट सहयोग जुटाएर खाने, बस्ने र योगध्यान गर्ने ठाउँ बनाएपछि यहाँ आउनेहरूलाई सहज भएको छ ।" समितिको आयोजनामा आइतबार प्रभुचेलामा आहार, विहार, विचारसम्बन्धी योग शिविर सम्पन्न भएको छ । म्याग्दी र पर्वतका ५० जना योग साधकको सहभागितामा तीन दिनसम्म सञ्चालन भएको शिविरमा आर्युवेद चिकित्सक डा बिपी तिम्लिसिनाले योग, ध्यान र तनाव व्यवस्थापनसम्बन्धी प्रवचन दिनुभएको थियो ।

शान्त र एकान्त वातावरणमा योग ध्यान गर्दा तनाव भुलेर उमङ्ग पैदा भएको योगसाधक सन्दीप खत्रीले अनुभव सुनाउनुभयो । परापूर्वकालमा ऋषिमुनिहरूले प्रभुचेला धुरीमा तपस्या गरेर ज्ञान आर्जन गरेको चार वर्षअघिको अध्ययनबाट तथ्यहरू पहिचान भएपछि संरक्षण र पूर्वाधार निर्माण गरिएको हो । सामुदायिक मेडिटेसन (ध्यान) केन्द्र स्थापनाका लागि गण्डकी प्रदेश सरकार र समुदायको रु एक करोडभन्दा बढी लगानीमा पूर्वाधार निर्माण भएको छ । गोलघर र आश्रयस्थल बनेपछि तपस्वी, भक्तजन र पर्यटकलाई राति, हिउँ, पानी परेको र घाम चर्किँदा आश्रय लिन सहज भएको छ । बिम गाउँको शिर र मालिका धुरीको फेदीमा अवस्थित प्रभुचेलमा नेपाल र भारतका विभिन्न ठाउँबाट ऋषिमुनि आउने गर्दथे । स्वर्गद्वारी महाप्रभुका उत्तराधिकारी कपिलानन्द स्वामीले १९७० सालदेखि १९७५ सम्म यही ठाउँमा तपस्या गर्नुभएको थियो ।

कपिलानन्द स्वामीले तपस्या गर्ने क्रममा बनाएको कुटी, साधनास्थल र हवन कुण्डको भग्नावशेष अझै छन् । प्रभुचेला धुरीबाट धवलागिरि र गुर्जा हिमशृङ्खला अवलोकन गर्न पाउनु थप विशेषता छ । समुद्र सतहदेखि दुई हजार ४०० मिटर उचाइमा अवस्थित प्रभुचेला धुरी बिमदेखि दुई घण्टा र सवार साधनमा ३० मिनेटमा पुगिन्छ ।

# मल्कवाङमा विद्युतीकरण

पोखरापत्र संवाददाता
म्याग्दी, १६ चैत





म्याग्दीको धवलागिरी गाउँपालिका-५ मल्कवाङमा केन्द्रिय प्रशारण लाइनमार्फत विद्युतीकरण भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको 'उज्यालो म्याग्दी' कार्यक्रमअन्तर्गत धवलागिरी गाउँपालिका-६ मराङ हुँदै मल्कवाङमा केन्द्रीय प्रशारण लाइन विस्तार गरेर विद्युतीकरण गरिएको हो । मुख्य, शाखा लाइनको पोल गाड्ने, तार तान्ने र एक सय केभिए क्षमताको ट्रान्सफर्मर जडान गरेर स्थानीयको घरघरमा बिजुली बालेर उज्यालो पारिएको धवलागिरी गाउँपालिका-५ का वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो । गत मङ्सिर महिनामा प्रशारण लाइनको परीक्षण र ट्रान्सफर्मरको चार्ज भएको थियो । मिटरबक्स जडान र वायरिङ सकिएपछि यसै महिनादेखि घरघरमा केन्द्रीय लाइनको बिजुली बालिएको वडाध्यक्ष छन्त्यालले बताउनुभयो । "छन्त्याल र दलित समुदायको बसोबास रहेको मल्कवाङमा पहिलो चरणमा ४३ वटा घर, वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयमा ४६ वटा मिटर जडान भएर बिजुली बालेका छौँ", उहाँले भन्नुभयो, "होपाखोला टोलमा अर्को चरणमा लाइन विस्तार गरिने विद्युत् प्राधिकरणले प्रतिबद्धता जनाएको छ ।"

धवलागिरी गाउँपालिका-५ मा पर्ने मलम्पार टोलमा गत असारमा विद्युतीकरण भएको थियो भने भेडिखाल्टामा मल्कवाङबाट विद्युत् लगिने भएको छ । यहाँका बासिन्दा हाल नन्दीबाङ खोला लघु जलविद्युत परियोजनाको विद्युत् प्रयोग गर्दै आएका छन् । म्याग्दीका १४ स्थानका दुई हजार एक ८३ घरधुरीमा राष्ट्रिय प्रशारण लाइनको विद्युत् सुविधा विस्तारका लागि प्राधिकरणले आर्थिक वर्ष २०८०/८१ देखि रु २२ करोड बजेटको योजना सञ्चालन गरेको छ ।

यस योजनामार्फत यसअघि मालिका गाउँपालिका-१ निस्कोट, २ रुम, ३ डाडागाउँ, पात्ले, वडा नं.-४ ओखरबोटका छ सय, च्युरीबोटका करिब एक सय, धवलागिरी गाउँपालिकाको मलम्पारका १५० र बुलका ४५ घरमा विद्युतीकरण भइसकेको छ । ३७० घरपरिवारको बसोबास रहेको लुलाङमा ट्रान्सफर्मर चार्ज भइसकेको नेपाल विद्युत् प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले बताउनुभयो । मालिका गाउँपालिकाको सिस्नेरी र महभिरमा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको छ । यो ठेक्कामार्फत धवलागिरी गाउँपालिका-१ को गुर्जाबाहेक बस्तस्हरूमा केन्द्रीय विद्युत् सुविधा पुग्ने केन्द्रका प्रमुख गामीले बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, गैरागाउँ धम्डाको चौर देखि नमुना सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः गैरागाउँ धम्डाको चौर देखि नमुना सडक स्तरोन्नती
ठेगानाः पोखरा-३३ गैरागाउँ भक्तिनी मार्ग
योजना सम्झौता मिति : २०८२/०९/२० गते
योजना सुरु मितिः २०८२/०९/२२ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/१५ गते
योजनाको कुल लागतः रु. ११,११,२६३.५२
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,२६३.५२
उपभोक्ता समिति अध्यक्षः सरस्वती आचार्य
सम्पर्क नं.: ९८४६५२७९८५
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**गैरागाउँ धम्डाको चौरदेखि नमुना सडक स्तरोन्नती**
**पोखरा-३३, गैरागाउँ**

# मुस्ताङको (लेते-धम्पु) पुल निर्माणमा ढिलासुस्ती

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ चैत

यहाँस्थित थासाङ गाउँपालिकामा निर्माणाधीन (लेते-धम्पु) प्रिस्टेज पुल निर्माण चरण ढिलासुस्ती देखिएको छ।

थासाङ गाउँपालिका-३ लेतेस्थित कालीगण्डकी नदी पारी ओझेलमा परेका दुर्गम गाउँहरू जोड्ने (लेते-धम्पु) मोटरेबल पुल निर्माण कम्पनीको चरम ढिलासुस्ती र बेवास्ताका कारण पटक/पटक अलपत्र परेको हो।

गण्डकीप्रदेश भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालयको अख्तियारीमा परेको कालीगण्डकी नदीमा निर्माणाधीन प्रिस्टेज मोटरेबल पुल निर्माणमा चरम ढिलासुस्ती देखिएको हो । यहाँ निर्माणाधीन पुलको विसं २०७६ फागुन २९ गते निर्माण कम्पनी देव एण्ड सायर कन्ट्रक्सनसँग रु पाँच करोड पाँच लाख लागतमा ठेक्का सम्झौता गरिएको थियो। सम्झौता अवधि विसं २०७८ साल भदौ २८ गते अर्थात् डेढ वर्षमा सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएका थियो।

एक स्पानको ३५ मिटर लम्बाइ रहने गरी कालीगण्डकी नदीमा निर्माणाधीन (लेते-धम्पु) मोटरेबल पुल फुटपाथसहित ७ दशमलव ९ मिटर चौडा रहने गरी ठेक्का सम्झौता भएको थियो। सुरुआती ठेक्का सम्झौता सकिएर हालसम्म चार पटकसम्म म्याद थप भइसकेको उक्त पुलको पछिल्लो म्याद थप गरिएको सम्पन्न अवधि विसं २०८३ असार ३१ गतेसम्म कायम भएको पूर्वाधार विकास कार्यालयका प्रमुख जीता गिरीले जानकारी दिनुभयो । प्रमुख गिरीका अनुसाल (लेते-धम्पु) मोटरेबल पुलको पछिल्लो भौतिक प्रगति ३३ दशमलव १३ प्रतिशत र भौतिक प्रगति ५५ प्रतिशत पुगेको छ। हालसम्म निर्माण कम्पनीले पुल निर्माणको काम गरेवापत रु एक करोड ६३ लाख ६२ हजार भुक्तानी लगेको कार्यालय प्रमुख गिरीले बताउनुभयो । कालीगण्डकी नदीमा निर्माणाधीन पुल निर्माणका लागि राष्ट्रिय गौरवको बेनी– जोमसोम सडकमार्ग र मुख्य राजमार्ग सडकदेखि कालीगण्डकी पारी दुईतर्फी आरसीसी फाउण्डेशन र एबुटमेन्टसहित क्याप ढलानको संरचना तयार भइसकेको पूर्वाधार विकास कार्यालय मुस्ताङले जनाएको छ । पुल निर्माणका लागि स्ल्याप ढलान, एप्रोज रोड र पुल फिनिसिङलगायत काम बाँकी रहेको प्रमुख गिरीले उल्लेख गर्नुभयो । लामो समय अवधिदेखि पटक पटक अलपत्र पर्दै आइरहेको (लेते-धम्पु) पुल निर्माणको काम गत हप्तादेखि सुरु भएको पूर्वाधार विकास कार्यालयले बताएको छ । वर्खायाममा कालीगण्डकी नदीको सतह उच्च हुने भएकाले जतिसक्दो चाँडो पुलको स्ल्याब ढलानका लागि निर्माण कम्पनीलाई सचेत गराइएको प्रमुख गिरीले बनाउनुभयो । पुल निर्माणका लागि सम्वन्धित कम्पनीले उपकरण र जनशक्ति कार्यस्थलमा परिचालित गरी अलपत्र पुलको काम सुरु गरिसकेको प्रमुख गिरीको भनाइ छ । पुल निर्माणको अलपत्र काम पुनः सञ्चालन भएसँगै त्यस क्षेत्रका स्थानीय नागरिक उत्साहित भएका छन्। थासाङको दुर्गम कालीगण्डकी पारी रहेका गाउँहरू पुल नहुँदा निकै समस्यामा पर्दै आएका छन्।

त्यस क्षेत्रका स्थानीय किसानले उत्पादन गरेको कृषि उपज पुल नहुँदा बजारीकरणमा निकै समस्या पर्ने गरेको छ। लेते-धम्पु पुल निर्माण सम्पन्न भएमा कालीगण्डकी पारिका आधा दर्जन बस्तीका स्थानीय कृषकले उत्पादन गर्ने कृषि उपजको सहज बजारकरण गर्न सजिलो हुने स्थानीय नवीन शेरचनले जानकारी दिनुभयो । छ वर्ष बितिसक्दा पुल सम्पन्न हुन नसक्नु दुर्भाग्य भएको र अब विकास पूर्वाधारका काममा ढिलासुस्ती गर्न नहुने शेरचनको भनाइ छ। थासाङस्थित कालिगण्डकी नदी पारीका दुर्गम गाउँहरूमा अहिले सङ्घीय एक निर्वाचन क्षेत्र एक रणनीतिक महत्त्वको कालोपत्र सडक निर्माण अन्तिम चरणमा रहेको र उक्त सडक जोड्ने (लेते-धम्पु) पुल सम्पन्न भएमा मुख्य राजमार्गदेखि कालिगण्डकी पारीका ग्रामीण वस्ती सडक कनेक्टिभिटीसँग जोडिने बताइएको छ।



भेडाबाख्राको बथान चरनक्षेत्र लैजादै : म्याग्दीको धवलागिरी गाउँपालिका-५ स्थित खालीखोलाको खर्कबाट सोमबार दिउँसो चरनका लागि जङ्गलतर्फ जादै गरेका भेडाबाख्राको बथान । यहाँ २० युएईमा रोजगारी गरेर जन्मथलो फर्किएका ५० वर्षीय देवान छन्त्यालले छ सय भेडाबाख्रा पाल्नुभएको छ। तस्बिरः सन्तोष गौतम/रासस

# सारङ्गीको धुनमा गुजारा

पोखरापत्र संवाददाता
दमौली, १६ चैत

बुटवल बसोबास गर्दै आउनुभएका ७३ वर्षीय लोकबहादुर गन्धर्व र तनहुँको भानु नगरपालिका-१ माइती हुनुभएकी ६० वर्षीया डल्ली गन्धर्व नेपाली सारङ्गी बजाउँदै विभिन्न ठाउँ पुग्नुहुन्छ। परम्परागत गन्धर्व समुदायसँग सम्बन्धित यी दम्पतीले जीवनको अधिकांश समय सारङ्गीको मधुर धुनमा गीत गाउँदै बिताउनुभएको छ।

वर्षौंदेखि उहाँहरूको दिनचर्या नै फरक छ, बिहानै घरबाट निस्कने, विभिन्न गाडी चढ्दै यात्रीहरूसामु गीत प्रस्तुत गर्ने । बस, माइक्रोबस वा अन्य सार्वजनिक सवारीसाधनमा यात्रा गर्दै उहाँहरू सारङ्गी बजाएर लोकगीत गाउनुहुन्छ। उहाँहरूको स्वर र धुनले यात्रीलाई भावुक बनाउँछ, कतिपयलाई आफ्नो गाउँघर, परिवार र विगतका सम्झनामा डुबाउँछ। यात्रीहरूले गीतको प्रशंसा गर्दै स्वेच्छाले दिने रकम नै उनीहरूको आम्दानीको मुख्य स्रोत हो। “कहिलेकाहीँ धेरै राम्रो कमाइ हुन्छ, यहीँबाटै हाम्रो घर चलेको छ”, लोकबहादुरले भन्नुभयो । उहाँका अनुसार दैनिक कमाइ स्थिर नभए पनि नियमित मेहनतले घरखर्च टार्न गाह्रो छैन। उहाँहरुका चार जना छोराछोरी छन् । उहाँहरूले यही पेसाबाट कमाएको आम्दानीले छोराछोरीलाई हुर्काएका छन् । “आफ्नै मेहनतले परिवार पाल्न सकेका छौं, यही नै ठूलो कुरा हो”, डल्ली गन्धर्व भन्नुहुन्छ । उहाँहरु गीत गाउँदै देशका विभिन्न जिल्ला पुगिसक्नुभएको छ । पूर्वदेखि पश्चिमसम्मका सडकमा यात्रा गर्दै, नयाँ ठाउँ हेर्दै र मानिससँग भेटघाट गर्दै उहाँहरूको जीवन बितेको छ।



आधुनिक प्रविधिको विकाससँगै मनोरञ्जनका माध्यम परिवर्तन भइरहेका बेला सारङ्गीजस्ता परम्परागत बाजा र गन्धर्व समुदायको पेसा सङ्कटमा परेको छ । नयाँ पुस्ता वैकल्पिक पेसातर्फ आकर्षित हुँदा यस्ता मौलिक कला लोप हुने खतरा बढ्दो रहेको लोकबहादुर बताउनुहुन्छ । “यो हाम्रो पहिचान हो, हाम्रो संस्कृति हो। जबसम्म सक्छौं, हामी यही गर्दै जानेछौं”, उहाँले भन्नुभयो। गन्धर्व दम्पतीको कथा केवल जीविकोपार्जनको कथामात्र होइन, यो सङ्घर्ष, आत्मसम्मान र सांस्कृतिक संरक्षणको कथा पनि हो।

# दुई गाउँको विवाद न्यायिक समिति र एक्यापद्वारा मेलमिलाप

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ चैत

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ स्थित (छुसाङ-तेताङ) गाउँबीच प्राकृतिक स्रोत तथा चरिचरन उपभोगसम्बन्धी विवाद समाधान भएको छ।

छुसाङ र तेताङ गाउँबीच स्हुक्चेङिन वन क्षेत्रको सीमा, चरिचरन र वन पैदावरलगायतको प्राकृतिक स्रोतसाधन उपभोगसम्बन्धी विवाद वारागुङ मुक्तिक्षेत्रको न्यायिक समिति र अन्नपूर्ण सरक्षण क्षेत्र आयोजना (एक्याप)को रोहवरमा दुवै पक्षको पाँचबुँदे लिखित सहमतिमा मेलमिलाप गराइएको हो । विवादका कारण दुवै गाउँबीच अन्तरद्वन्द्व र एकअर्का गाउँबीच निषेध गर्नेलगायतको अवस्था सृजना भएको थियो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिका र एक्याप जोमसोमको विषेश पहलमा सरोकारवाला निकायका प्रतिनिधिहरूको मध्यस्थतामा वारागुङ–३ छुसाङ सामुदायिक भवनमा उक्त सहमति भएको हो। वारागुङ मुक्तिक्षेत्र गाउँपार्लिका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक ढिकी गुरुङको अध्यक्षताको बैठकमा दुवै पक्षबीच पाँचबुँदे सहमति भएको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो । विवाद समाधानका लागि पूर्वप्रदेशसभा सदस्य महेन्द्रबहादुर थकाली, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिङजीन नामगेल गुरुङ, सोही पालिकाका पूर्वअध्यक्ष फेञ्चोक छेप्तेन गुरुङ, एक्याप जोमसोमका प्रमुख राजेश गुप्ता, वारागुङ-३ का वडाअध्यक्ष विनोद गुरुङ, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि प्रकाश पौडेललगायत सुरक्षाकर्मीहरूको उपस्थिति थियो। त्यस अवसरमा मुस्ताङको छुसाङ र तेताङ गाउँका पाँच स्थानीय प्रतिनिधि हुनुहुन्थ्यो । सहमतिपछि तेताङ गाउँमाथिको स्हुक्चेङिन वनमा जिम्बु सङ्कलनका लागि तेताङ गाउँका स्थानीयले पूर्जीबिनै सङ्कलन गर्न पाउने र अन्यको हकमा जिम्बु सङ्कलन गर्न छुसाङ गाउँबाट पूर्जी जारी गर्नुपर्नेछ । छुसाङ गाउँस्थित कालीगण्डकी नदीको गिट्टी र बालुवा तेताङ स्थानीयले उपभोग गर्दा सामुदायिक, सार्वजनिक विकास निर्माण, योजना/कार्यक्रमका लागि निःशुल्क उपलब्ध हुने र तेताङ गाउँका स्थानीयको व्यक्तिगत र व्यक्तिगत प्रयोजनका लागि छुसाङ गाउँका स्थानीयसरहको प्रतिट्याक्टर रु २०० दस्तुर लिन पाउने सहमति गरिएको छ।

ठूला विकास निर्माण आयोजना र कार्यक्रमका लागि गिट्टी र बालुवाको शुल्क नियमानुसार हुने सहमति गरिएको छ। त्यसैगरी, अन्य वन क्षेत्रको सीमा, चरिचरन, वन पैदावार तथा प्राकृतिक स्रोत साधनको उपभोग सम्बन्धमा २०६८ साल वैशाख ३० गते भएको निर्णयअनुसार हुने जनाइएको छ । विगतमा उपभोग गर्दै आइरहेको वन क्षेत्रको सीमा, चरिचरन र वनपैदावार तथा प्राकृतिक स्रोतसाधनको उपभोगको विषयमा सहमति गरिएपछि कुनै किसिमको हस्तक्षेप, हकदाबी तथा उजुरबाजुर नगर्ने सहमति गरिएको छ। यदि सो सम्बन्धमा कुनै कारणले विवाद सृजना भएको खण्डमा नेपाल सरकारको प्रचलित वन ऐन, कानुन तथा संरक्षण क्षेत्रको नियमावली तथा निर्देशिकाबमोजिम हुनेमा सहमति भएको हो।

# ६ पत्रकार पुरस्कृत

पोखरापत्र संवाददाता
दमौली, १६ चैत

नेपाल पत्रकार महासङ्घको ७१औं स्थापना दिवसका अवसरमा तनहुँमा ६ पत्रकार पुरस्कृत भएका छन्। नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले आज दमौलीमा आयोजना गरेको कार्यक्रममा उहाँहरुलाई पुरस्कृत गरिएको हो।

रणबहादुर गुरुङद्वारा स्थापित सुरज गुरुङ स्मृति पत्रकारिता पुरस्कारबाट उज्वल पौडेल, मुक्तिनाथ खनालद्वारा स्थापित भवानी खनाल स्मृति पत्रकारिता पुरस्कारबाट नारायण खड्का, प्रदीप काफ्लेद्वारा स्थापित पुरुषोत्तम काफ्ले स्मृति पत्रकारिता पुरस्कारबाट श्रीहरि पौडेल, उत्तम र सुमन भट्टराईद्वारा स्थापित हरिभक्त भट्टराई स्मृति पत्रकारिता पुरस्कारबाट राजकुमार श्रेष्ठ विवि, वरिष्ठ अधिवक्ताकमलामोहनवाग्लेद्वारा स्थापित चिरञ्जीवी हरिमाया स्मृति पत्रकारिता पुरस्कारबाट मिला दरै तथा भाग्यशाली ढुङ्गानाद्वारा स्थापित टीकानीधि ढुङ्गाना स्मृति व्यास पराशर पत्रकारिता पुरस्कारबाट ओमकार आचार्यलाई पुरस्कृत गरिएको छ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI४००००००२६२२ | कल्पना सापकोटा | नामरजङ्ग-६, कास्की |
| २ | ULI४००००००२५८३ | निर्मला क्षेत्री तामाङ | बलेफी ४, सिन्धुपाल्चोक |
| ३ | ULI४००००००२५५७ | निमा तामाङ | फुलपिङडाँडागाउँ-२, सिन्धुपाल्चोक |
| ४ | ULI४१६०००४५५ | डिल्ली राम अधिकारी | लाहाचोक ५, कास्की |
| ५ | ULI२०५०००६२२ | सुबेरिन सापकोटा/ सुनिल सापकोटा | भरतपुर १५, चितवन |


# परिवारको साथ लिएर आँखा शिविरमा आएका वृद्धवृद्धा उपचारपछि आफैँ घर फर्किए

पोखरापत्र संवाददाता
पर्वत, १६ चैत

यहाँको मोदी गाउँपालिकामा सञ्चालित निःशुल्क आँखा शिविरमा एक हजार ३५८ जना नागरिकको आँखा परीक्षण गरिएको छ।

नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित हिमालयन आँखा अस्पतालको प्राविधिक सहयोगमा यही चैत ८ देखि १५ गतेसम्म सो शिविर सञ्चालन गरिएको थियो। आँखा जाँचका क्रममा ५१ जनामा मोतियाविन्दु देखिएको थियो । उनीहरूको हिमालयन आँखा अस्पतालका विशेषज्ञद्वारा शल्यक्रिया गरी आँखाको ज्योति फर्काइएको मोदी गाउँपालिकाका अध्यक्ष



हीरादेवी शर्माले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “पहिले परिवारको सहारा लिएर शिविरमा आएका वृद्धवृद्धा आँखा उपचारपछि आफैँ घर फर्किन सक्ने भएका छन् ।” मोदी गाउँपालिकाका उपाध्यक्ष विमल लामिछानेले लामो समयदेखि आँखाको ज्योति गुमाएर बस्नुभएका वृद्धवृद्धा यस शिविरबाट लाभान्वित भएको बताउनुभयो। वर्षौंदेखि आँखा नदेख्ने समस्या लिएर थलिएका वृद्धवृद्धा आँखाको ज्योति फर्किएपछि हर्षित बनेका छन्।


## पेन्सन पट्टा हराएको सूचना

**मेरो निम्न व्यहोरा भएको पेन्सन पट्टा पृथ्वीचोकदेखि भद्रकालीसम्म जाँदा हराएको हुदाँ फेला पार्नुहुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।**

**नामः कुल बहादुर गुरुङ**
**बाबाः थमन बहादुर गुरुङ**
**बाजेः बखत बहादुर गुरुङ**
**पेन्सन पट्टा नं. : १५७८४**
**ठेगानाः पोखरा-१३, कास्की**
**सम्पर्क नं.: ९८०५८२५०२९**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ देवभूमि मार्ग बाटो निमार्ण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : देवभूमि मार्ग बाटो निमार्ण
उपभोक्ता समितिको नाम : देवभूमि मार्ग बाटो निमार्ण उपभोक्ता समिति, पोखरा-१७, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०८/१५
योजना सुरु मिति : २०८२/०८/१६
योजना सम्पन्न मिति : २०८२/०९/१३
महानगरपालिकाबाट : रु. ४,००,०००/-
उपभोक्ताबाट : रु. ४५,४५९/३७
योजनाको कुल लागत : रु. ४,४५,४५९/३७

**देव बहादुर थापा**
**अध्यक्ष**
**देवभूमि मार्ग बाटो निमार्ण उपभोक्ता समिति**
**पोखरा-१७, कास्की**